## संयुक्त प्रेस विज्ञप्ति

## २३ जेठ २०८०

## पीडितको संरक्षण तथा पीडकको अभियोजन सुनिश्चित गर

## बाँदरमुढे आक्रमणका पीडित १८ वर्षदेखि न्यायबाट वञ्चित

चितवनको बाँदरमुढेमा तत्कालीन माओवादी कार्यकर्ताले एक यात्रुवाहक बसमा बम आक्रमण गरी ३५ सर्वसाधारण तथा ड्युटीमा नरहेका तीनजना सुरक्षाकर्मीको हत्या गरेको आज १८ वर्ष पुगेको छ। उक्त घटनामा ७० भन्दा बढी मानिस घाइते भएका थिए र तीमध्ये ६ जनाको पछि मृत्यु भयो।

विगत १८ वर्षदेखि पीडितहरू न्यायबाट वञ्चित छन्। उनीहरूको पीडा र वेदनालाई राज्यले बेवास्ता गर्दै आएको छ। उक्त घटनाको अनुसन्धान गरी यस जघन्य अपराधका पीडकहरूलाई अभियोजन गर्ने आफ्नो कर्तव्य पूरा गर्न राज्य चुकेको छ। उक्त बम विस्फोटका घाइते तथा अपांगता भएका पीडितहरूको स्वास्थ्य उपचार उपलब्ध गराउन एवं परिपूरण प्रदान गर्न सरकार चुकेको छ।

विगत १८ वर्षमा देशमा अनेकौं परिवर्तन भए पनि पीडितहरू शारीरिक, मानसिक तथा आर्थिक समस्या बेहोरिरहन बाध्य छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्नका लागि संसद्मा दर्ता भएको विधेयक विचाराधीन छ। बाँदरमुढे आक्रमण जस्ता घटनामा बाँचेका पीडित तथा घटनामा ज्यान गएका व्यक्तिहरूका आफन्तलाई संक्रमणकालीन न्याय प्रक्रियाअन्तर्गत प्रभावकारी क्षतिपूर्ति तथा न्याय दिलाउनका लागि कानूनी आधार तयार पार्न यस विधेयकमा ठोस संशोधन आवश्यक छ। त्यसैले निष्पक्ष, पारदर्शी र पीडितकेन्द्रित न्याय प्रक्रियालाई संस्थापन गर्ने गरी विधेयक संशोधन गर्न आवश्यक छ। सशस्त्र द्वन्द्वका क्रममा भएका बाँदरमुढे आक्रमण जस्ता घटनाका संलग्न पीडकको संरक्षण गरिँदै आएकोमा विधेयकको ठोस संशोधनले मात्र पीडितको सत्य तथा परिपूरणीय अधिकारलाई सुनिश्चित गर्नेछ।

घटनाको वार्षिकी मनाइरहँदा जवाफदेहिता निगरानी समिति तथा एड्भोकेसी फोरम पीडित तथा तिनका परिवारका सदस्यसँग ऐक्यबद्धता जनाउँदै निष्पक्ष एवं स्वतन्त्र अनुसन्धान गरी घटनामा संलग्न व्यक्तिहरूको अभियोजनको माग गर्दछन् र नेपाल सरकारलाई देहायको आग्रह गर्दछन् :

- आक्रमणका पीडित तथा प्रत्यक्षदर्शीहरूको संरक्षण सुनिश्चित गर्न र यथाशीघ्र पीडकहरूलाई न्यायको दायरामा ल्याउनका लागि तत्काल स्वच्छ पुर्पक्ष सुनिश्चित गर्न ।

- बाँदरमुढे आक्रमणका पीडितहरूलाई स्वास्थ्य उपचार सेवा, रोजगारी र परिपूरण उपलब्ध गराउने प्रतिबद्धता कार्यान्वयन गर्न ।

- बाँदरमुढे आक्रमण लगायत सशस्त्र द्वन्द्वका क्रममा गरिएका मानवअधिकार उल्लंघन एवं ज्यादतीमा सत्यनिरूपण तथा मेलमिलाप आयोगले शीघ्र अनुसन्धान थाल्ने सुनिश्चित गर्न ।

- पीडितलाई न्यायबाट वञ्चित गराउने तथा जघन्य अपराधका पीडकहरूलाई माफी दिलाउने गरी संशोधन विधेयकमा राखिएका समस्याग्रस्त प्रावधानलाई सर्वोच्च अदालतका निर्देशन एवं पीडित समुदायसँग गरिएका परामर्श बैठकबाट आएका निष्कर्षबमोजिम संशोधन गर्न ।



चरण प्रसाई

संयोजक

जवाफदेहिता निगरानी समिति



विकास बस्नेत

निर्देशक

एड्भोकेसी फोरम-नेपाल